संघीय संसद
प्रतिनिधि सभा
दशौं अधिवेशन
बैठक संख्या - १०

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल फागुन २२ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:०० बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुने बित्तिकै नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्रप्रसाद वडुले "अख्तियार दुरुपयोग अनुसन्धान आयोगको एकतीसौं वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७७/७८" पेश गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) एवं प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम निम्नलिखित मा० सदस्यहरु रहनुहुने गरी ११ सदस्यीय महाभियोग सिफारिस समिति गठन गर्ने प्रस्तावलाई सभामा निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो:-

१. मा० श्री एकवाल मियां
२. मा० श्री कल्याणी कुमारी खड्का
३. मा० श्री कृष्णभक्त पोखरेल
४. मा० श्री प्रमोद साह
५. मा० श्री मिन बहादुर विश्वकर्म
६. मा० श्री यशोदा गुरुङ सुवेदी
७. मा० श्री राम बहादुर बिष्ट
८. मा० श्री रेखा शर्मा
९. मा० श्री लालबाबु पण्डित
१०. मा० श्री विष्णुप्रसाद पौडेल
११. मा० डा० शिवमाया तुम्बाहाङ्फे

त्यसपछि सम्माननीय सभामुखले जिल्ला प्रहरी कार्यालय (अपराध अनुसन्धान शाखा), नेपालगञ्ज, बाँके प.सं. ०७८।७९, च.नं. ७३६३ मिति २०७८ फागुन १८ गतेको परिवर्तित नाम ६५ (०७८) ५३ को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी मोहन बानियां भएको जबरजस्ती करणी मुद्दाको अनुसन्धानको क्रममा बाँके जिल्ला अदालत नेपालगञ्जबाट मिति २०७८ फागुन २ गते पक्राउ गर्ने अनुमति प्राप्त भई, मिति २०७८ फागुन १६ गते २०:०० बजे हाजिर गराई अनुसन्धान गरिपाउँ भन्ने व्यहोराको निवेदनसहित आफै उपस्थिति हुन आएकोले जिल्ला मुगु खत्याड गाउँपालिका वडा नं. ३ घर भई संघीय संसद, प्रतिनिधि सभा सदस्य मोहन बानियां मिति २०७८ फागुन १६ गतेदेखि प्रहरी हिरासतमा राखी उल्लिखित अभियोगमा अनुसन्धान भईरहेको भन्ने व्यहोराको पत्र नेपालको संविधानको धारा १०३ को उपधारा (६) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम प्राप्त हुन आएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २४४ को उपनियम (३) को प्रयोजनको लागि सोही नियमको उपनियम (१) बमोजिम सदनलाई जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०७८ साल फागुन २९ गते आइतबार दिनको १:०० बजे बस्नेगरी दिनको २:०५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव